नेपाल सरकार
गृह मन्त्रालय
नेपाल प्रहरी प्रधान कार्यालय
केन्द्रीय अनुसन्धान ब्यूरो
(प्रशासान शाखा)

फोनः ०१-४५११७७६
Extः १०१७
फ्याक्सः ०१-४५१४३९१
पो.ब.नं.४०७
लाजिम्पाट, काठमाडौं


प्रेस विज्ञप्ती- २८

"संरक्षित वन्यजन्तु भालुको पित्त र हात्तीको दाह्रा जस्तो आखेटोपहार सहित मानिसहरु पक्राउ"

१. संरक्षित वन्यजन्तुको आखेटोपहार अवैध रुपमा ओसारपसार तथा बेचबिखन गर्न लागेको भन्ने विशेष सूचनाको आधारमा मिति २०८३।०६।१८ गते यस ब्यूरोबाट खटिएको प्रहरी टोलीले जिल्ला काठमाडौं, का.म.पा. वडा नं. १६ सोह्रखुट्टेबाट अवैध रुपमा ओसारपसार गरी खरिद विक्री गर्न ल्याएको अवस्थामा संरक्षित वन्यजन्तु भालुको पित्त जस्तो देखिने आखेटोपहार थान-१ (एक) सहित जिल्ला नवलपरासी (बर्दघाट सुस्ता पश्चिम) प्रतापपुर गाउँपालिका वडा नं. १ सिसनिया घर बताउने बर्ष ३१ को योगेन्द्र प्रसाद चौधरीलाई पक्राउ गरी वरामद वन्यजन्तुको आखेटोपहार सहित आवश्यक कानूनी कारवाहीको लागि मिति २०८३।०६।१९ गते डिभिजन वन कार्यालय हात्तीसार, काठमाडौंमा बुझाईएको।

वरामद आखेटोपहार:

संरक्षित वन्यजन्तु भालुको पित्त जस्तो देखिने आखेटोपहार थान-१ (एक)
तत्काल तौल गर्दा १४० (एक सय चालिस) ग्राम।



२. संरक्षित वन्यजन्तुको आखेटोपहार अवैध रुपमा ओसारपसार तथा बेचबिखन गर्न लागेको भन्ने विशेष सूचनाको आधारमा केन्द्रीय अनुसन्धान ब्यूरो लाजिम्पाट, काठमाडौंबाट खटिई गएको प्रहरी टोलीले ईलाका प्रहरी कार्यालय भिमानसँगको समन्वयमा मिति २०८३।०६।१९ गते जिल्ला सिन्धुली, कमलामाई नगरपालिका वडा नं. १४ तल्लो रानीबास क्षेत्रबाट अवैध रुपमा ओसारपसार गरी खरिद विक्री गर्न ल्याएको अवस्थामा संरक्षित वन्यजन्तु हात्तीको दाह्रा जस्तो देखिने आखेटोपहार थान-१ (एक) सहित जिल्ला सिन्धुली, कमलामाई न.पा. वडा नं. १४ बस्ने बर्ष ६० को सोम बहादुर माझी भन्ने पोरे माझी र जिल्ला महोत्तरी बर्दिबास न.पा. वडा नं. ५ बस्ने बर्ष ६० को चित्र बहादुर विश्वकर्मा समेत २ (दुई) जना मानिसहरुलाई पक्राउ गरी आवश्यक कानूनी कारवाहीको लागि डिभिजन वन कार्यालय सिन्धुलीमाडी, सिन्धुलीमा बुझाईएको।

वरामद आखेटोपहार:

संरक्षित वन्यजन्तु हात्तीको दाह्रा जस्तो देखिने आखेटोपहार थान-१(एक)
तत्काल तौल गर्दा ६ किलोग्राम (छ के.जी.)।



सूचना अधिकारी
(अनुपम शमशेर ज.ब.रा.)
प्रहरी बरिष्ठ उपरीक्षक
सम्पर्क नं.: ९८५१२९१३११

मिति २०८३।०६।२० गते।
नेपाल संम्वत्: १४४६